स्थान : कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सभाकक्ष

Date : २०६८/३/२४
Page : समय : बिहान ८:०० बजे

आज मिति २०६८/३/२४ गते शुक्रबारका दिन राष्ट्रिय बीउ बिजन समितिका अध्यक्ष एवम् कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. योगेन्द्र कुमार कार्कीज्यूको अध्यक्षतामा राष्ट्रिय बीउ बिजन समितिको ६३औं देहाय बमोजिमका विषयहरुमा निम्नानुसारका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. डा. योगेन्द्र कुमार कार्की, सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - अध्यक्ष
२. डा. दिपक भण्डारी, कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य
३. डा. गोविन्द प्रसाद शर्मा, महानिर्देशक, कृषि विभाग - सदस्य
४. प्रा. खेमराज दाहाल, बीउ विशेषज्ञ, कृषि तथा पशु विज्ञान अ.सं. - सदस्य
५. श्री डिलाराम भण्डारी, खाद्यान्न बाली वैज्ञानिक - सदस्य
६. डा. नम्रता सिंह भण्डारी, फलफूलबाली वैज्ञानिक - सदस्य
७. श्री इन्द्रराज पाण्डे, तरकारी बाली वैज्ञानिक - सदस्य
८. श्री दुर्गा प्रसाद अधिकारी, बीउ बिजन उद्यमी - सदस्य
९. श्री मिना कुमारी ढकाल, बीउ बिजन उद्यमी - सदस्य
१०. श्री बिन्दामाया गैरे, कृषक, बीउ बिजन उत्पादक - सदस्य
११. श्री तेज बहादुर भण्डारी, प्रबन्ध संचालक, ह.वा.कम्पनी लिमिटेड - सदस्य
१२. श्री बाबुकाजी थापा, विभागीय प्रमुख, कृषि विकास बैंक लि. - सदस्य
१३. श्री सूर्यप्रसाद भण्डारी, कृषक, बीउ बिजन उत्पादक - सदस्य
१४. श्री बेनु प्रसाद प्रसाईं, प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र - सदस्य सचिव

विशेष उपस्थिति

१. डा. हरि बहादुर के.सी., सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. श्री पवन प्रसाद घिमिरे, सहसचिव क.त.प.वि.म.
३. श्री महादेव भट्टराई, अध्यक्ष, SEAN.
४. श्री रमेशराज सिग्देल, उपसचिव (कानून), क.त.प.वि.म.
५. श्री निर्मल रेग्मी बाली विकास अधिकृत
श्री सुदिप देवकोटा बागवानी विकास अधिकृत
श्री केशव देवकोटा वरिष्ठ बाली विकास अधिकृत
श्री भरत प्रसाद देवकोटा वरिष्ठ बाली विकास अधिकृत
श्री प्रकाश आचार्य वरिष्ठ बाली विकास अधिकृत
श्री विकास खरेल बागवानी विकास अधिकृत
श्री रचना देव बाली विकास अधिकृत

श्री मदन मरासिनी बाली विकास प्राविधिक
श्री भानुभक्त ढकाल नेपाल
श्री लालकुमारी सुनुवार प्राविधिक सहायक

## राष्ट्रिय बीउ बिजन समितिको ५९ औं बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं १: राष्ट्रिय बीउ बिजन समितिको ५८औं बैठकका निर्णय कार्यान्वयन समीक्षा.

प्रस्ताव नं २: नीजि, सरकारी तथा गैर सरकारी क्षेत्रबाट पूर्व मूल बीउ आलु उत्पादन तथा प्रमाणीकरण मापदण्ड स्वीकृति सम्बन्धमा.

प्रस्ताव नं ३: जातीय बिकास तथा सम्बर्द्धन तथा बर्णशंकर बीउ उत्पादनमा निजी क्षेत्रलाई अनुमति प्रदान गर्ने सम्बन्धमा.

### निर्णयहरु

निर्णय १: राष्ट्रिय बीउ बिजन समितिको मिति २०७७/१२/११ गते बसेको ५८ औं बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा गरी उक्त बैठकका निर्णयहरु यथासिघ्र कार्यन्वयनका लागि निर्देशन दिने निर्णय गरियो।

निर्णय नं २:आलुको पूर्व मूलबीउ आलु उत्पादन तथा प्रमाणीकरण सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय (सचिब स्तर) को निर्णय तथा ५८ औं बैठकको निर्णयानुसार गठित निजी, सरकारी तथा गैर सरकारी क्षेत्रबाट पूर्व मूल बीउ आलु उत्पादन तथा प्रमाणीकरण मापदण्ड तयारी कार्यदलबाट सिफारीस भई समितिलाई प्राप्त देहाय बमोजिमको मापदण्डलाई स्वीकृत गर्ने निर्णय गरियो।

### निजी, सरकारी तथा गैर सरकारी क्षेत्रबाट पूर्व मूल बीउ आलु उत्पादन तथा प्रमाणीकरण मापदण्ड २०७८

१. तन्तु प्रजनन प्रयोगशाला संचालन गरी निजी, सरकारी तथा गैर सरकारी क्षेत्रमा पूर्व मूल बीउ आलु उत्पादन कार्य संचालन गर्न बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको अनुमित पत्र लिएको हुनुपर्नेछ ।

२. तन्तु प्रजनन प्रयोगशाला संचालन गरी निजी, सरकारी तथा गैर सरकारी क्षेत्रमा पुर्व मूल बीउ आलु उत्पादन कार्य संचालन गर्न आफूसँग भएको पुर्वाधार, संरचना तथा जनशक्ति विवरण खुलाई बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रमा निबेदन दिनु पर्नेछ।

३. तन्तु प्रजनन प्रयोगशाला संचालन गरी निजी, सरकारी तथा गैर सरकारी क्षेत्रमा आलुको पूर्व मूल बीउ उत्पादन कार्य संचालन गर्न आवश्यक न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

अ) **आवश्यक पुर्वाधार तथा कोठाहरु:**

कोठाका आधारभूत आवश्यकताहरु देहाय बमोजिम हुनुपर्ने

क) बैकल्पिक बिजुलीको व्यवस्था

ख) कालो पर्दाभएको अध्याँरो कक्ष (केराको लागि)

ग) Air conditioner

पहिलोकोठाः सामाग्री तथा तयारी कक्ष

घ) रसायन भण्डार कक्ष

ङ) रिएजेन्ट तयार गर्ने कक्ष

च) बिकर, पेट्रि डिस लगायत प्रयोगशालाका सामाग्रीहरु धुने स्थान

छ) पानी Distillationसेट

दोश्रो कोठाः जौविक सुरक्षा इकाई

क) Inoculation कक्ष

ख) Bio safety cabinet

ग) तयार गरिएको Media राख्ने कक्ष

तेश्रो कोठाः भण्डार इकाई

क) Incubation Chamber (Rack, UV light and attached tube lights as necessary)

अन्य कक्ष आवश्यकता अनुसार निर्माण गर्न सकिनेछ ।

आ) न्यूनतम औजार तथा उपकरणहरु

क) Autoclave कम्तीमा २ थान
ख) Hot air oven
ग) Incubator shaker
घ) Weighing balance (3 digits)
ङ) Oven
च) pH meter
छ) Refrigerator
ज) Laminar air flow
झ) Supporting racks
ञ) Bunsen burner or Spirit lamp
ट) Media store or chamber
ठ) De-humidifier
ड) incubator BOD where necessary
ढ) Microscope, Stereoscope,
ण) Soil Sterilizer
त) आवश्यकता अनुसार अन्य उपकरणहरु

इ) स्क्रिन हाउसका न्यूनतम आधारभूत मापदण्ड

क) Aphid proof mesh
ख) Soil sterilization system
ग) UV light filter water irrigation system
घ) Preferably bench for planting
ङ) Buffer room (Double door system)
च) Equipment sterilization pot
छ) आवश्यकता अनुसार अन्य संरचनाहरु निर्माण गर्न सकिनेछ ।

ई) प्राविधिक जनशक्ति

क) Bio-technologist and Bachelor degree in Agriculture - 2 or Bachelor degree in Agriculture with at least two years' experience in tissue culture lab) - 1
ख) Lab technician (Number depends on production targets)

उ) पालना गर्नु पर्ने न्यूनतम शर्तहरू:

क) प्रयोगशालाको बार्षिक कार्यक्रम संचालन तालिका बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, राष्ट्रिय आलु तरकारी तथा मसालाबाली विकास केन्द्र/ राष्ट्रिय फलफूल विकास केन्द्र र परिषद्अन्तर्गत राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र र राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रममा पेश गर्नु पर्ने ।

ख) सम्बन्धित निकायहरूबाट आवश्यकता अनुसार दिईने निर्देशन/सुझावहरूको पालना गर्नुपर्ने।

ग) आलुको बीउ/बेर्ना प्रमाणीकरण कार्यको लागि Mother plant को श्रोत खुलेको निस्सा पेश गर्नु पर्नेछ।

४. बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, राष्ट्रिय आलु बाली अनुसन्धान कार्यक्रम तथा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र सम्मिलित संयुक्त टोलीले बुदा नं ३ मा उल्लेखित आवश्यक न्यूनतम मापदण्ड भए नभएको एकिन गरी अनुमति पत्र जारी गर्नका लागि बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र सिफारीस गर्नु पर्नेछ ।

५. प्रजनन बीउको रुपमा रहेको पूर्व मूल बीउ आलुको प्रमाणीकरण, उत्पादन चक्र निरीक्षण अनुगमन र मुल्याङ्कनको आधारमा बीउ विजन प्रमाणीकरण निर्देशिका २०७४ को अनुसूची १ को ढाँचामा गरिनेछ तर उक्त बीउको प्रमाणीकरणको ट्याग लगाउने तथा बीउ प्रमाणीकरण निर्देशिकामा उल्लेखित भाइरस परीक्षणको जिम्मेवारी राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमको हुनेछ साथै गुणस्तर नियमनको लागि बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले समेत परीक्षण गर्न सक्नेछ ।

६. राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमको अगुवाईमा आवश्यकताका आधारमा सम्बन्धित सरोकारवालाको समेत उपस्थिति सुनिश्चित गरी बीउ प्रमाणीकरण निर्देशिकाको परिच्छेद ७ को दफा ६७ को उपदफा (२) मा उल्लेखित पूर्व मुल बीउ आलुको बेर्ना निरीक्षण पहिलो निरीक्षण (४०-५० दिनमा) गरि शंकास्पद विरुवाको मार्किंग गर्नुपर्नेछ र दोश्रो निरीक्षण (६०-६५ दिन) को समयमा उक्त बिरुवाबाट भाइरस परीक्षणको लागि नमूना सम्बन्धित बीउ बिजन प्रयोगशालाको उपस्थितिमा अनुमति प्राप्त प्रयोगशालाको प्राविधिकले संकलन गर्नु पर्ने तथा सो परीक्षणका लागि पठाउने जिम्मेवारी समेत अनुमति प्राप्त निजी प्रयोगशालाको हुनेछ। तर पहिलो निरीक्षणको बेलामा नमूना संकलन वाञ्छनिय देखिएमा राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमका प्राविधिकबाट नमूना संकलन गर्न सकिनेछ ।

७. पूर्व मूल बीउ आलु उत्पादन गर्नको लागि जालीघर (लाही कीरा नछिर्ने ४० मेश) भित्र बेन्चको निर्माण गर्दा बेन्चको जम्मा उचाई ८० से.मी., चौडाई १.५ मी र आवश्यकअनुसार ८-१० मी को लम्बाई हुनुपर्नेछ । उक्त ८० से.मी. उचाईमा ३० से.मी. गहिरो डुंड बनाउनु पर्नेछ र बढी भएको पानी बाहिर जानको लागि डुंडको पिंधमा प्वाल बनाउनु पर्नेछ । दुई बेन्चको बीचमा आवतजावत गर्नको लागि कम्तीमा पनि ५० से.मी. चौडाईको बाटो राख्नुपर्नेछ ।

८. बेन्चभित्र प्रयोग गरिने माटोको मिश्रण बनाउँदा चालेको बालुवा दुई भाग र ३-४ फिट तलको माटो एक भाग मिसाई गराउनु पर्ने छ र उक्त मिश्रणको उपचार गर्न २-३ % फर्मालिन (२०-३० मि. लि. प्रति लिटर पानीमा मिसाई) प्रति वर्ग मीटर १० लिटरको मिश्रणको दरले उपचार गर्नुपर्दछ । माटो उपचार गरिसकेपछि कम्तीमा ७-१० दिन सेतो प्लास्टिकले छोप्नुपर्ने हुन्छ ।

Date |
Page |

९. बेन्चमा बिरुवा रोप्नको लागि २० से. मी. को दुरीमा ५-७ मी अग्लो ड्यांग बनाई दुई ड्यांगको बीचको कुलेसोमा १० से.मी. को दुरीमा बिरुवा रोप्नुपर्दछ र बिरुवा सारिसकेपछि बिस्तारै बिरुवा लगाएको भाग ड्यांगमा परिणत गर्नुपर्नेछ ।

१०.पूर्व मूल बीउ आलु उत्पादन सम्बन्धि अन्य प्रविधि राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमले अवलम्बन गरेको Protocol अनुसार हुनेछ ।

११.बीउ आलुका अन्य स्तरका बीउको हकमा प्रदेश स्थित बीउ बिजन प्रयोगशालाले बीउ बाली खेत निरीक्षण, नमूना संकलन, परीक्षण तथा प्रमाणीकरण गर्न सक्नेछन तर ती प्रयोगशालामा ELISA परीक्षणको लागि पूर्वाधार बिकास नहुँदा सम्म सो को परिक्षण गर्ने जिम्मेवारी बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको हुनेछ ।पूर्व मूल बीउ आलु उत्पादनको लागि Lab मा रहेका Invitro Plants बाट हरेक जातको वर्षमा एक पटक sample लिई ELISA Test गर्नुपर्नेछ र जालीघरमा PBS उत्पादनका लागि रोपिएका Invitro बिरुवाको जातअनुसार प्रति बेन्च प्रति सिजन एउटा नमुना लिई ELISA Test गर्नुपर्नेछ ।बीउ आलुको Mother Culture को माग तथा आपूर्ति वासलात बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रले तयार गर्ने र सो कार्यमा राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रमले आवश्यक सहयोग गर्ने एवं बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारीसमा Mother culture प्रमाणित गरी वितरण गर्नुपर्नेछ ।

१२. बीउ आलु प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था बीउ प्रमाणीकरण निर्देशिका २०७४ अनुरुप हुनेछ ।

निर्णय ३.१: जातीय विकास तथा सम्बर्द्धन तथा वर्णशंकर बीउ उत्पादनमा निजी क्षेत्रलाई अनुमति प्रदान गर्ने सम्बन्धमा छलफल गर्दा उपरोक्त कार्यका लागि देहाय अनुसारका नीतिगत व्यवस्था सम्बन्धमा छलफल एवम् जानकारी गरियो ।

- राष्ट्रिय बीउ बिजन नीति २०५६: जातीय विकास तथा सम्बर्द्धनका कार्य सरकारी स्तरबाट गर्दै आएकोमा भविष्यमा यो कार्य गैरसरकारी तथा निजी क्षेत्रबाट समेत गराइने
- बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (२०१३-२०२५): कार्यान्यनका रणनीतिहरु मध्ये रणनीति नं ३ र सोही रणनीतिको उपरणनीति ३.१ र ३.२मा:

(क) रणनीति ३: स्थानीय र वाह्य आनुवंशिक भण्डार (Gene pool)को उपयोगबाट देशको विभिन्न कृषि पर्यावरणीय क्षेत्रको लागि जातीय विकास, उन्मोचन एवं सम्बर्द्धनात्मक प्रजनन गर्ने कार्यलाई सबल बनाउने ।

(ख) उप-रणनीति३.१: सरकारी र निजी दुवै क्षेत्रमा जातीय विकास र सम्वर्द्धनात्मक प्रजनन कार्य गर्नको लागि राष्ट्रिय बाली अनुसन्धान कार्यक्रमहरुलाई सुदृढ बनाउने।

Date |

Page |

(ग) उप -रणनीति ३.२: स्थान विशेषको लागि उपयुक्त बालीका जातहरुको विकास, सम्वर्द्धन र उन्मोचनका लागि क्षेत्रीय रस्थानीय सरकारी निकाय तथा निजी संघसंस्थाहरुलाई सहयोग गर्ने।

- निजी क्षेत्रमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन निर्देशिका २०७३ को दफा ४ को उपदफा (२): निजी क्षेत्रका व्यक्ती वा संस्थाले समेत जातीय विकास र सम्बर्द्धनको कार्य गर्न सक्ने।
- राष्ट्रिय बीउ बिजन समितिको मिति २०७७/०९/०३ को ५७ औं बैठकबाट वर्णशंकर बीउ उत्पादन तथा प्रमाणीकरण मापदण्ड,२०७७ स्वीकृत ।
- बीउ बिजन ऐन, २०४५(पहिलो शंसोधन, २०६४) को दफा१८: नेपाल सरकारले समितिको परामर्श लिई नेपालराजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण वा प्रमाणीकरण गर्ने वा जात परीक्षण गर्ने कुनै स्वदेशी वा विदेशी वा अन्तराष्ट्रिय संस्थालाई यस ऐनको प्रयोजनका लागि मान्यता प्रदान गर्न सक्ने।

निर्णय ३.२: राष्ट्रिय बीउ विजन समितिको सचिवालयमा विभिन्न मितिमा जातीय विकास तथा सम्वर्द्धन र बर्णशंकर बीउ उत्पादन कार्यका अनुमति पत्र पाउँ भनी आवश्यक कागजात सहित आवेदन दिएका निजी स्तरका कम्पनी/निकायहरुबाट प्राप्त कागजातहरु को अनुसूची-१ अनुरुप रहेको वा नरहेको सम्बन्धमा अध्ययन गर्दा देहाय बमोजिम रहेको पाइयो ।